विधेयक संख्याः

# योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६

## संघीय संसद

## सिंहदरवार

# योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ का उद्देश्य र कारण

प्राचीन दर्शनमा आधारित आयुर्वेद विज्ञान सम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धानलाई प्रविधिमा आधारित, व्यापक, व्यबहारिक तथा व्यवसायिक बनाउने उद्देश्यकासाथ नेपाल सरकारको आ.व.२०७३।०७४ देखिनै वजेट तथा कार्यक्रममा समावेश भएको कारण विषयगत विशिष्टता कायम गरी दक्ष जनशक्ति उत्पादन गर्न वाञ्छनीय भएकोले संघीय संसद समक्ष योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ प्रस्तुत गरेको छु।

गिरिराजमणि पोखरेल
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# आर्थिक टिप्पणी

शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै आयुर्वेद शिक्षालाई राष्ट्रिय पहिचान र आवश्यकता अनुरुप विकास गरी आयुर्वेद शिक्षा सम्बन्धी शिक्षण संस्थालाई व्यवस्थित गर्न तथा आयुर्वेद शिक्षामा गुणस्तर, पेशाधर्मिता, संस्थागत जवाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न तथा दलित लगायत सबै विद्यार्थीहरुको समान पहुँच सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले पूर्वाधार विकास, पदाधिकारी खर्च नेपाल सरकारले व्यहोर्ने र संचालन खर्चको सम्बन्धमा नेपाल सरकार मार्फत प्राप्त हुने अनुदान र विश्वविद्यालयको आन्तरिक स्रोत समेत परिचालन गर्ने गरी योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्न आवश्यक भएको व्यहोरा सहित यो आर्थिक टिप्पणी पेश गरेको छु ।

गिरिराजमणि पोखरेल

मन्त्री

शिक्षा, विज्ञान तथा प्रवि

# <u>योगमाया आयुर्वेद विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : प्राचीन दर्शनमा आधारित आयुर्वेद विज्ञान सम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धानलाई प्रविधिमा आधारित, व्यापक, व्यवहारिक तथा व्यवसायिक बनाउन तथा आयुर्वेद चिकित्साको क्षेत्रमा दक्ष जनशक्ति तयार गर्नको लागि योगमाया आयुर्वेद विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद—१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अध्यापक” भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान गर्ने वा गराउने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक तथा सहायक प्राध्यापक सम्झनु पर्छ र सो शव्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षकलाई समेत जनाउँछ ।

(ख) “अनुसन्धान केन्द्र” भन्नाले दफा १५ बमोजिमको अनुसन्धान केन्द्र सम्झनु पर्छ ।

(ग) “उपकुलपति” भन्नाले दफा २१ बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(घ) “कलेज” भन्नाले विश्वविद्यालयको आङ्गिक कलेज सम्झनु पर्छ ।

(ङ) “कुलपति” भन्नाले दफा १९ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(च) “कुल सचिव” भन्नाले दफा २२ बमोजिमको कुल सचिव सम्झनु पर्छ ।

(छ) “कार्यकारी परिषद्” भन्नाले दफा १० बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ज) “डीन” भन्नाले स्कूलको प्रमुख सम्झनु पर्छ ।

(झ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) “निर्देशक” भन्नाले दफा २४ बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(ट) “पदपूर्ति समिति” भन्नाले दफा १८ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(ठ) “पदाधिकारी” भन्नाले दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ ।

(ड) “प्राज्ञिक परिषद्” भन्नाले दफा १२ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(ढ) “विद्या परिषद्” भन्नाले दफा १७ बमोजिमको विद्या परिषद् सम्झनु पर्छ ।

(ण) “विश्वविद्यालय” भन्नाले दफा ३ बमोजिम स्थापना भएको योगमाया आयुर्वेद विश्वविद्यालय सम्झनु पर्छ ।

(त) “शिक्षण अस्पताल” भन्नाले दफा १६ बमोजिम स्थापना भएको शिक्षण अस्पताल सम्झनु पर्छ ।

(थ) “सभा” भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ ।

(द) "सहकुलपति" भन्नाले दफा २० बमोजिमको सहकुलपति सम्झनु पर्छ।

(ध) “स्कूल” भन्नाले दफा १४ बमोजिमको स्कूल सम्झनु पर्छ ।

परिच्छेद -२

विश्वविद्यालयको स्थापना

३. विश्वविद्यालयको स्थापना: (१) आयुर्वेदसँग सम्बन्धित विषयको एकीकृत रुपले अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने काम समेतका लागि योगमाया आयुर्वेद विश्वविद्यालयको स्थापना गरिएकोछ ।

(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय अरुण उपत्यकाभित्र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्थानमा रहनेछ ।

४. विश्वविद्यालय स्वशासित र संगठित संस्था हुने: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) विश्वविद्यालयको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) विश्वविद्यालयले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजूर गर्न र विश्वविद्यालय उपर सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) विश्वविद्यालयले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

परिच्छेद—३

विश्वविद्यालयको संगठन तथा पदाधिकारी

५. विश्वविद्यालयको संगठन: विश्वविद्यालयको संगठन देहाय बमोजिम हुनेछ र त्यस्ता संगठनहरुको सामूहिक रुप नै विश्वविद्यालयको स्वरुप हुनेछ :-

(क) सभा

(ख) कार्यकारी परिषद्

(ग) प्राज्ञिक परिषद्

(घ) स्कूल

(ङ) अनुसन्धान केन्द्र

(च) विद्या परिषद्

(छ) तोकिए बमोजिमका अन्य निकाय ।

६. <u>विश्वविद्यालयका पदाधिकारीहरु</u>: विश्वविद्यालयमा देहायका पदाधिकारीहरु रहनेछन् :-

(क) कुलपति

(ख) सहकुलपति

(ग) उपकुलपति

(घ) कुल सचिव

(ङ) डीन

(च) निर्देशक

(छ) तोकिए बमोजिमका अन्य पदाधिकारी ।

## परिच्छेद—४

## <u>सभाको गठन तथा काम, कर्तव्य र अधिकार</u>

७. <u>सभाको गठन</u>: (१) विश्वविद्यालयमा सर्वोच्च निकायको रुपमा एक विश्वविद्यालय सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः—

| | | |
|---|---|---|
| (क) | कुलपति | - अध्यक्ष |
| (ख) | सहकुलपति | उपाध्यक्ष |
| (ग) | उपकुलपति | - सदस्य |
| (घ) | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | - सदस्य |
| (ङ) | सचिव, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (च) | सचिव, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | - सदस्य |
| (ज) | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | - सदस्य |
| (झ) | अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् | -सदस्य |
| (ञ) | डीनहरु | - सदस्य |
| (ट) | निर्देशकहरु | - सदस्य |
| (ठ) | ख्यातिप्राप्त शिक्षाविद्हरु मध्येबाट कम्तीमा दुई जना महिला सहित चार जना | - सदस्य |
| (ड) | विश्वविद्यालयका प्राध्यापकहरु मध्येबाट कम्तीमा | |

| | | |
|---|---|---|
| | एक जना महिला सहित तीन जना | - सदस्य |
| (ढ) | चन्दादाताहरु मध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना | - सदस्य |
| (ण) | विश्वविद्यालयका विद्यार्थीहरु मध्येबाट एक जना | - सदस्य |
| (त) | शिक्षाप्रेमी तथा समाजसेवीहरु मध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना | - सदस्य |
| (थ) | विश्वविद्यालयका कर्मचारीहरु मध्येबाट एक जना | - सदस्य |
| (द) | महानिर्देशक, आयुर्वेद विभाग | - सदस्य |
| (ध) | आयुर्वेद विशेषज्ञहरु मध्येवाट कम्तीमा एक जना महिला सहित दुई जना | - सदस्य |
| (न) | कूल सचिव | - सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ठ), (ड), (ढ), (ण), (त), (थ) र (ध) मा उल्लिखित सदस्यहरुको मनोनयन कार्यकारी परिषद्को सिफारिशमा कुलपतिबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिमका मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(५) कुनै कारणले सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि जुन क्षेत्रबाट मनोनीत भएको हो सोही क्षेत्रबाट उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

८. सभाको बैठकः (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले, निजको अनुपस्थितिमा सभाको उपाध्यक्षले र अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा उपकुलपतिले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले सभाको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई राख्नेछ ।

(८) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने,

(ख) विश्वविद्यालय र सो अन्तर्गतका निकायलाई निर्देशन दिने र मार्गदर्शन गर्ने,

(ग) विश्वविद्यालयबाट प्रदान गरिने उपाधि निर्धारण गर्ने र त्यस्तो उपाधि प्रदान गर्ने,

(घ) विश्वविद्यालयको दीर्घकालीन योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) विश्वविद्यालय अन्तर्गतका निकायहरुको वार्षिक प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने र ती निकायको कार्यक्रमको मूल्यांकन गर्ने,

(च) विश्वविद्यालयको लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने,

(छ) आंगिक क्याम्पसहरुलाई निर्देशन दिने,

(ज) विश्वविद्यालयका पदाधिकारी, अध्यापक तथा कर्मचारीको सेवा शर्त निर्धारण गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद—५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१०. कार्यकारी परिषद्को गठनः (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | उपकुलपति | -अध्यक्ष |
| (ख) | कुल सचिव | -सदस्य |
| (ग) | सभामा रहेका महिला सदस्यहरु मध्येबाट एक जना | -सदस्य |
| (घ) | अध्यापकहरू मध्येबाट एक जना | - सदस्य |
| (ङ) | उपकुलपतिले तोकेको डीन | सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको मनोनयन सभाबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

तर उपदफा (२) को खण्ड (ग) बमोजिम मनोनीत सदस्य सभाको सदस्य नरहेमा कार्यकारी परिषद्को सदस्य पनि रहने छैन ।

(५) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(६) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्मको लागि बैठक सम्बन्धी कार्यविधि कार्यकारी परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार: कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) विश्वविद्यालयको कोष तथा चल, अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(घ) विश्वविद्यालयद्वारा सञ्चालित कार्यक्रमहरूको समन्वय, रेखदेख तथा निरीक्षण गर्ने र सोको प्रतिवेदन सभामा पेश गर्ने,

(ङ) विश्वविद्यालयको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(च) विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूलको स्थापना तथा नयाँ कार्यक्रम सञ्चालन गर्न सभामा पेश गर्ने,

(छ) विश्वविद्यालयको लागि आवश्यक अध्यापक तथा कर्मचारीहरूको नियुक्ति र बढुवा गर्ने,

(ज) विद्यार्थीसँग लिइने शुल्क निर्धारण गर्ने,

(झ) विश्वविद्यालयको लागि प्रदान गरिएका आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ञ) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्य टोली गठन गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

परिच्छेद -६

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१२. प्राज्ञिक परिषद्को गठन: (१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यलाई व्यवस्थित गर्ने निकायको रुपमा काम गर्न एक प्राज्ञिक परिषद् रहनेछ ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) उपकुलपति - अध्यक्ष

(ख) कुल सचिव - सदस्य

(ग) डीनहरु मध्येबाट एक जना - सदस्य

(घ) निर्देशकहरु मध्येबाट एक जना - सदस्य

(ङ) अध्यापकहरु मध्येबाट एक जना - सदस्य

(च) विषयविज्ञहरु मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(छ) डीनहरु मध्येबाट उपकुलपतिले तोकेको एक जना सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमका सदस्यहरुको मनोनयन कार्यकारी परिषद्को सिफारिशमा उपकुलपतिबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(५) कुनै कारणले प्राज्ञिक परिषद्का मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रकृया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(६) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्मका लागि बैठक सम्बन्धी कार्यविधि प्राज्ञिक परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>: प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयको पाठ्यक्रम निर्धारण तथा स्वीकृत गर्ने,

(ख) विश्वविद्यालयको प्राज्ञिक तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने तथा अनुसन्धान कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने,

(ग) विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रममा भर्नाको योग्यता तथा आधार, स्कूल परिवर्तन विधि, सिकाई मूल्याङ्कन विधि र परीक्षाको किसिम निर्धारण गर्ने,

(घ) विश्वविद्यालयको शैक्षिक गुणस्तर कायम राख्न आवश्यक कार्य गर्ने,

(ङ) विश्वविद्यालयद्वारा प्रदान गरिने विभिन्न उपाधि प्रदान गर्न सभामा सिफारिश गर्ने,

(च) प्राज्ञिक तथा अनुसन्धानका विषयमा विश्वविद्यालय अन्तर्गतका संगठनलाई राय सल्लाह दिने,

(छ) विश्वविद्यालयबाट दिइने मानार्थ उपाधिहरूको लागि सभामा सिफारिश गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

## परिच्छेद—७

## स्कूल, अनुसन्धान केन्द्र तथा शिक्षण अस्पताल सम्बन्धी व्यवस्था

**१४.** स्कूलहरु: (१) विश्वविद्यालयका आयुर्वेद विषयसँग सम्बन्धित शैक्षिक कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालयमा आवश्यकता अनुसार आयुर्वेद, आयुर्वेद नर्सिङ, जडिवुटि, योग शिक्षा, प्राकृतिक चिकित्सा लगायतका विषयसँग सम्बन्धित स्कूलहरु रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम स्कूल सञ्चालन गर्दा विद्यार्थी संख्या, भौतिक स्रोत र साधनको पर्याप्तता तथा कार्यबोझ समेतका आधारमा एक वा एक भन्दा बढी कार्यक्रम एउटै स्कूल अन्तर्गत सञ्चालन गर्न सकिनेछ ।

(३) कुनै कार्यक्रममा पाँच सय भन्दा बढी विद्यार्थी नभएको अवस्थामा एक भन्दा बढी स्कूल रहन सक्ने छैनन् ।

(४) स्कूल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५.** अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन: (१) विश्वविद्यालयले आयुर्वेद विषयसँग सम्बन्धित विषयमा अनुसन्धान गर्नको लागि आवश्यकता अनुसार अनुसन्धान केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) अनुसन्धान केन्द्रको स्थापना, सञ्चालन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१६.** शिक्षण अस्पतालको स्थापना र सञ्चालनः (१) विश्वविद्यालयले आयुर्वेद चिकित्सा परिषद्ले स्वीकृत गरेको मापदण्ड अनुरुपको शिक्षण अस्पताल स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) विश्वविद्यालयले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी सो मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको आयुर्वेद अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्न सक्नेछ।

(३) शिक्षण अस्पताल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७.** विद्या परिषद् र विषय समितिः (१) प्रत्येक स्कूलमा शैक्षिक तथा प्राज्ञिक कार्यक्रमको सञ्चालनको लागि तोकिए बमोजिम एक विद्या परिषद् रहनेछ ।

(२) विद्या परिषद् अन्तर्गत तोकिए बमोजिमका विषय समितिहरु रहनेछन् ।

(३) विद्या परिषद् र सो अन्तर्गत रहने विषय समितिको गठन, काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—८

## पदपूर्ति समिति सम्बन्धी व्यवस्था

१८. पदपूर्ति समितिको गठनः (१) अध्यापक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्न विश्वविद्यालयमा एक पदपूर्ति समिति रहनेछ ।

(२) पदपूर्ति समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) सभाले तोकेको डीन -अध्यक्ष

(ख) प्रतिनिधि, लोक सेवा आयोगको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य

(ग) कूल सचिव -सदस्य-सचिव

(३) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) पदपूर्ति समितिको बैठक सम्बन्धी कार्यविधि तथा त्यस्तो समितिको बैठकमा भाग लिए बापत पाउने सुविधा नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद—९

## विश्वविद्यालयका पदाधिकारी, अध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१९. कुलपतिः (१) प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ ।

(३) कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ ।

(४) कुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुलपतिले दिएको निर्देशनको पालना गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

२०. सहकुलपतिः (१) नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्री विश्वविद्यालयको सहकुलपति हुनेछ।

(२) कुलपतिको अनुपस्थितिमा सहकुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।

(३) सहकुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरिक्षण गरी विश्वविद्यालयलाई निर्देशन दिन सक्नेछ।

२१. उपकुलपतिः (१) विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारीको रुपमा एक उपकुलपति रहनेछ ।

(२) कुलपतिले दफा २६ बमोजिमको समितिको सिफारिशमा उपकुलपतिको नियुक्ति गर्नेछ ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ ।

(४) कुलपति र सहकुलपतिको अनुपस्थितिमा उपकुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ ।

(५) कुनै कारणले उपकुलपतिको पद रिक्त रहेको वा निलम्वनमा रहेको अवस्थामा कुलपतिले बढीमा तीन महिनाका लागि विश्वविद्यालयको वरिष्ठतम प्राध्यापकलाई उपकुलपतिको कामकाज गर्न तोक्न सक्नेछ ।

(६) उपकुलपतिले सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(७) विश्वविद्यालयको सबै काम कारबाही उपर उपकुलपतिको सामान्य नियन्त्रण रहनेछ र निजले विश्वविद्यालयको काम कारबाहीमा निर्देशन दिन र रेखदेख गर्न सक्नेछ ।

(८) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएका कामहरु बाहेकका अन्य काम उपकुलपतिले गर्नेछ।

(९) उपदफा (८) बमोजिम भए गरेका कामको जानकारी उपकुलपतिले तुरुन्त कुलपतिलाई गराउनु पर्नेछ र लगतै बस्ने सभाबाट अनुमोदन गराउनु पर्नेछ।

(१०) उपकुलपतिको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२२. <u>कुल सचिव</u>: (१) विश्वविद्यालयको आर्थिक तथा कर्मचारी प्रशासनको रेखदेख, सञ्चालन तथा समन्वय गर्न विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारीको रुपमा एक कुल सचिव रहनेछ।

(२) कुलपतिले दफा २६ बमोजिमको समितिको सिफारिशमा कुल सचिवको नियुक्ति गर्नेछ ।

(३) कुल सचिवको काम, कर्तव्य, अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२३. <u>डीन</u>: (१) स्कूलको प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रुपमा प्रत्येक स्कूलमा एक डीन रहनेछ ।

(२) डीनको नियुक्ति कार्यकारी परिषद्को सिफारिशमा उपकुलपतिबाट हुनेछ ।

(३) डीनको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२४. <u>निर्देशक</u>: (१) अनुसन्धान केन्द्र र शिक्षण अस्पतालको प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रुपमा छुट्टाछुट्टै निर्देशकहरु रहनेछन् ।

(२) निर्देशकको नियुक्ति कार्यकारी परिषद्को सिफारिशमा उपकुलपतिबाट हुनेछ ।

(३) निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२५. <u>पदावधिः</u> कुल सचिव, डीन र निर्देशकको पदावधि चार वर्षको हुनेछ।

२६. <u>सिफारिश समितिः</u> (१) उपकुलपति र कुल सचिवको नियुक्तिको लागि सिफारिश गर्न देहाय बमोजिमका सदस्यहरु रहेको एक सिफारिश समिति रहनेछः-

(क) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग -संयोजक

(ख) सचिव, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ग) नेपाल सरकारले शिक्षाविद्हरु मध्येवाट मनोनयन गरेको एक जना महिला -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले देहाय बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट उपकुलपति र कुल सचिवको पदमा नियुक्तिको लागि कुलपति समक्ष सिफारिश गर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, कम्तीमा २० वर्ष प्राध्यापन वा अनुसन्धानको क्षेत्रमा काम गरिसकेको र प्राध्यापक भई कम्तीमा पाँच वर्ष अध्यापन वा अनुसन्धान गरेको ख्यातिप्राप्त शिक्षाविद्हरु मध्येबाट उपकुलपति पदमा,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै विश्वविद्यालयमा प्राध्यापन वा अनुसन्धान वा प्रशासनको क्षेत्रमा पन्ध्र वर्ष काम गरेका व्यक्तिहरु मध्येबाट कुल सचिव पदमा।

(३) उपदफा (१) बमोजिमको समितिले उपकुलपति र कुलसचिवको पदमा नियुक्तिको लागि सिफारिश गर्दा अपनाउने प्रक्रिया सिफारिश समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२७. <u>पदबाट हटाउन सकिनेः</u> (१) उपकुलपति वा कुल सचिवले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेको सदस्य संख्याको एक चौथाई सदस्यहरुले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगको सदस्य र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभामा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाले उपकुलपति वा कुल सचिवलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले त्यस्तो उपकुलपति वा कुल सचिवलाई पदबाट हटाउनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपकुलपति वा कुल सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाईको मनासिव मौका दिनु पर्नेछ ।

(६) उपकुलपति वा कुल सचिव बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोपमा छानविन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानविन गर्न समिति गठन भएपछि त्यसको अन्तिम निर्णय नभएसम्मको लागि त्यस्तो पदाधिकारी स्वतः निलम्बन हुनेछ ।

(८) उपदफा (७) बमोजिम कुल सचिव निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर कुल सचिवको कामकाज गर्न कुलपतिले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्नेछ।

२८. <u>अध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था:</u> (१) विश्वविद्यालयमा आवश्यक संख्यामा अध्यापक तथा कर्मचारी रहनेछन् ।

(२) दफा १८ बमोजिमको पदपूर्ति समितिको सिफारिशमा मात्र विश्वविद्यालयमा अध्यापक तथा कर्मचारीको स्थायी नियुक्ति गरिनेछ ।

(३) उपदफा (१) बमोजिमका अध्यापक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

(४) विश्वविद्यालयको काम गर्न विश्वविद्यालयमा वहालवाला अध्यापक तथा कर्मचारीबाट सम्भव नभएमा कुलपतिको स्वीकृति लिई अध्यापकलाई डीनले र कर्मचारीलाई कुल सचिवले करार गरी काममा लगाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम करार अध्यापक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य, अधिकार तथा पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू करारमा तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद—१०

## <u>विश्वविद्यालयको कोष, लेखा र लेखापरीक्षण</u>

२९. <u>विश्वविद्यालयको कोषः</u> (१) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति, निकाय, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) विश्वविद्यालयले आर्जन गरेको रकम।

(२) विश्वविद्यालयले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) विश्वविद्यालयको कोषको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंकमध्ये कार्यकारी परिषद्ले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) विश्वविद्यालयको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) विश्वविद्यालयको सबै खर्चहरू सभाबाट स्वीकृत भए अनुसार उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

३०. लेखा र लेखापरीक्षण: (१) विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) विश्वविद्यालयले लेखाको तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) विश्वविद्यालयको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद—११

## विविध

३१. शिक्षण पद्धति तथा शैक्षिक कार्यक्रमको मूल्याङ्कन: विश्वविद्यालयबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रमको शिक्षण पद्धति तथा त्यस्तो शैक्षिक कार्यक्रममा विद्यार्थीको सिकाई उपलब्धिको मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने: (१) आयुर्वेद सम्बन्धी विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि दिनेछ ।

(२) विश्वविद्यालयले अनुसन्धान गरी आयुर्वेदको क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको आयुर्वेद विषयसँग सम्बन्धित शैक्षिक उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरूसँग ती उपाधिहरूको तोकिए बमोजिम समकक्षता वा स्तर निर्धारण गर्न सक्नेछ ।

३३. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता: विश्वविद्यालयमा भर्ना हुन चाहिने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ ।

३४. विद्यार्थी भर्नाको लागि छात्रवृत्तिको व्यवस्था गर्न सक्ने: विश्वविद्यालयले आर्थिक रुपले पछाडि परेका जेहन्दार विद्यार्थीहरुलाई विश्वविद्यालयमा भर्ना हुन र अध्ययनको लागि तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नेछ ।

३५. निःशुल्क उच्च शिक्षा अध्ययन गर्न पाउने:: (१) विश्वविद्यालयबाट सञ्चालित शैक्षिक कार्यक्रममा विश्वविद्यालयले तोकेको मापदण्ड पुरा गरी भर्ना भएका आर्थिक रुपले विपन्न र दलित समुदायका विद्यार्थीले निःशुल्क रुपमा अध्ययन गर्न पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलित विद्यार्थीहरुको भर्नाका लागि तोकिए बमोजिमको सिट आरक्षण गरिनेछ र त्यसरी आरक्षित गरिएको सिटमा भर्ना भएका दलित विद्यार्थीहरुका लागि अध्ययन अवधिभर तोकिए बमोजिम निःशुल्क अध्ययन गराउने व्यवस्था गरिनेछ।

३६. सम्बन्धन दिन नपाउने: विश्वविद्यालयले आंगिक कलेज बाहेकका शिक्षण संस्थाहरुलाई सम्बन्धन प्रदान गर्न सक्ने छैन ।

३७. प्रदेशमा कलेज विस्तार सम्बन्धी व्यवस्था: विश्वविद्यालयले आफ्नो स्रोत र साधनबाट प्रत्येक प्रदेशमा एक कलेज सञ्चालन गर्न सक्नेछ ।

३८. काम कारबाही बदर नहुने: विश्वविद्यालयको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र त्यस्तो पदाधिकारी वा सदस्य संलग्न भई गरेको विश्वविद्यालयको कुनै काम कारबाही बदर हुने छैन ।

३९. नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने: विश्वविद्यालयले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, अध्यापक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा वा त्यस्ता पदाधिकारी, अध्यापक तथा कर्मचारीको पारिश्रमिक वा सेवा सुविधा थप गर्नु पूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

४०. अधिकार प्रत्यायोजन: (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विद्या परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयका कुनै पदाधिकारी वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) विश्वविद्यालयको कुनै पदाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका कुनै पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४१. नेपाल सरकारसँग सम्पर्क: विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत राखेछ ।

४२. विश्वविद्यालय विघटन: (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिशमा विश्वविद्यालय विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको सम्पत्ति र दायित्व नेपाल सरकारमा सर्नेछ ।

४३. नियम बनाउने अधिकार: यस ऐनको कार्यान्वयनको लागि विश्वविद्यालयले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु सभाबाट स्वीकृत भएपछि लागू हुनेछन्।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल